| | |
|---|---|
| | नेपाल सरकार<br>ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय<br>**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र** |

# लागत साझेदारीमा तराईका जिल्लाहरुमा खाना पकाउनको लागि गुइठा/गोबर को विस्थापन गरि स्वच्छ ऊर्जा कार्यक्रम सञ्चालनको लागि इच्छुक स्थानीय तहहरु बाट माग संकलन सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०७६।०५।१२**
**निवेदन बुझाउने अन्तिम मिति : २०७६।०६।१२ (कार्यालय समय भित्र)**

नेपाल सरकारले चालु आ.व. २०७६/७७ मा तराईका जिल्लाहरुमा खाना पकाउनको लागि प्रयोग भइरहेको गुइठा/गोबर, परम्परागत चुलो, ओदान, अगेनोको विस्थापन गरि स्वच्छ ऊर्जा कार्यक्रम सञ्चालन गर्ने गरि विशेष कार्यक्रम ल्याएको छ । यस अन्तर्गत निम्नानुसारका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

**क) तराईका जिल्लाहरुका स्थानीय तह अनुसार हाल खाना पकाउन प्रयोग भइरहेको इन्धन तथा प्रविधिहरुको विस्तृत तथ्यांक संकलन गर्ने**

**ख) हाल प्रयोग भइरहेको गुइठा /गोबर लगायत कम दक्ष चुलोहरुलाई विस्थापन गरि लागत साझेदारीमा आधुनिक इन्धन तथा स्वच्छ ऊर्जा प्रविधिहरु (विद्युतीय चुलो, वायोग्यास, कम्तीमा तह ३ को सुधारिएको चुलो, ब्रिकेट, पेलेट तथा सो को निर्माण उपकरणहरु आदि ) को प्रवर्द्धन तथा विस्तारको लागि इच्छुक स्थानीय तहहरुको सूची तयार गर्ने**

**ग) लागत साझेदारीमा कार्यक्रम गर्न इच्छुक स्थानीय तहहरुसँगको समन्वयमा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने**

**घ) आधुनिक इन्धन तथा स्वच्छ ऊर्जा प्रविधिहरु (ब्रिकेट, पेलेट तथा सो को निर्माण उपकरणहरु, विद्युतीय चुलो, सुधारिएको चुलो, वायोग्यास आदि ) को प्रवर्द्धन तथा विस्तार गर्ने**

माथि उल्लेखित कार्यकमको लागि इच्छुक स्थानीय तहहरुबाट तपशिलमा उल्लेखित कागजातहरु सहित निवेदन आह्वान गरिन्छ ।

१. सम्बन्धित स्थानीय तहको निवेदन ।

२. हाल सम्बन्धित स्थानीय तहहरुमा खाना पकाउन प्रयोग भइरहेको इन्धन तथा प्रविधिहरु सँग सम्बन्धित तथ्यांकहरु (यस सम्बन्धि फाराम वेवसाइट बाट प्राप्त गर्न सकिने) ।

३. लागत सहभागिता अन्तर्गत सम्बन्धित स्थानीय तहले परिचालन गर्न सक्ने बजेट र सो को प्रतिबद्धता पत्र ( यस सम्बन्धि विस्तृत फाराम केन्द्रको वेवसाइट (www.aepc.gov.np) बाट प्राप्त गर्न सकिने) ।

**थप जानकारीको लागि**

**सम्पर्क ठेगाना**

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

जैविक ऊर्जा शाखा

ललितपुर म.न.पा वडा नं. १५, खुमलटार हाइट, ललितपुर, प्रदेश नं. ३, नेपाल

पो.ब.नं. १४३६४, फोन नं. +९७७-१५५३९३९०/०१५५३९३९१, इमेल: info@aepc.gov.np